आज मिति २०७६ साल चैत्र २२ गते शनिवारको दिन विहान १०:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

| | | | | |
|---|---|---|---|---|
| २५. | श्री प्रचण्ड कुमार कार्की | स्वास्थ्य संयोजक | | आमन्त्रित |
| २६. | श्री यज्ञ बहादुर खत्री | अधिकृत छैठौ (प्रशासन) | | आमन्त्रित |
| २७. | श्री टेक बहादुर देउवा | प्र.ना.नि. | | आमन्त्रित |
| २८. | श्री भेषजंग शाह | पशुपंक्षी शाखा प्रमुख | | आमन्त्रित |
| २९. | श्री भगवती वोहरा | नर्सिङ्ग निरिक्षक | | आमन्त्रित |
| ३०. | श्री नरेन्द्र सिंह | नायव सुव्वा | | आमन्त्रित |
| ३१. | श्री खेम पुन | स्वास्थ्य चौकी रग्दा | | आमन्त्रित |
| ३२. | श्री हिमा पुन | स्वास्थ्य चौकी कैना | | आमन्त्रित |
| ३३. | श्री भुपेन्द्रराज गिरी | स्वास्थ्य चौकी लहँ | | आमन्त्रित |
| ३४. | श्री डिल्लीराज खड्का | स्वास्थ्य चौकी भगवती | | आमन्त्रित |
| ३५. | श्री तप्त बहादुर चनारा | प्राथमिक स्वास्थ्य केन्द्र | | आमन्त्रित |
| ३६. | श्री राम बहादुर बटाला | स्वास्थ्य चौकी डाँडागाउ | | आमन्त्रित |
| ३७. | श्री यामलाल ढकाल | लेखापाल | | आमन्त्रित |
| ३८. | श्री ~~पृथ्वी बहादुर शाही~~ दिप ब. सम्राट | उद्योग बाणिज्य संघ लहँ | | आमन्त्रित |
| ३९. | श्री गोविन्द चौधरी | वडा सचिव ९ र १० | | आमन्त्रित |
| ४०. | श्री मोहन बहादुर खड्का | वडा सचिव ७ | | आमन्त्रित |
| ४१. | श्री ठकेन्द्र बहादुर गिरी | वडा सचिव ८ | | आमन्त्रित |
| ४२. | श्री किरण थापा | पो.स. | | आमन्त्रित |

मिति : २०७६।१२।२२ गतेको वैठकका निर्णयहरु

प्रस्तावहरु

१. कोरोना भाईरस (COVID १९) को रोकथाम र नियन्त्रणको समिक्षा सम्वन्धमा ।

२. कोरोना संक्रमण, रोकथाम नियन्त्रण तथा उपचार कोष स्थापना गर्ने सम्वन्धमा ।

३. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत सम्वन्धि मापदण्ड २०७६ सम्वन्धमा ।

४. नलगाड नगरपालिका स्थानीय पूर्वाधार विकास विधेयक, २०७६ सम्वन्धमा ।

५. नलगाड नगरपालिका उद्योग तथा व्यवसाय फर्म दर्ता सम्वन्धी विधेयक, २०७६ सम्वन्धमा ।

६. नलगाड नगरपालिका निर्माण व्यवसाय विधेयक, २०७६ सम्वन्धमा ।

७. नलगाड नगरपालिकाको पशुपंक्षी व्यवसाय प्रर्वद्धन विधेयक, २०७६ सम्वन्धमा ।

८. वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धी विधेयक, २०७६ सम्वन्धमा ।

९. नलगाड नगरपालिकाको कृषि विधेयक, २०७६ सम्वन्धमा ।

१०. कार्यक्रम खर्च संसोधन गर्ने सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १:** विश्वभरी महामारीको रुपमा फैलिएको र नेपालमा समेत जोखिम रुपमा देखापरेको नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथामको लागि यस नलगाड नगरपालिका, विषयगत शाखाहरु, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुले गरेको कार्यहरुको सम्वन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २:** नोभल कोरोना भाईरस (COVID १९) संक्रमण, नियन्त्रण, रोकथाम तथा उपचार सम्वन्धी कार्यमा प्रयोग गरिने औषधी, उपकरण, उपचार सामग्रीको आपूर्ति, संक्रमित व्यक्तिहरुको व्यवस्थापन, COVID १९ रोकथाम तथा नियन्त्रण सम्वन्धी प्रचार प्रसार, कोरोनाको रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मीको जोखिम भत्ता, औषधी उपचार खर्च, विमा खर्च लगायत असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत वितरणमा खर्च गर्ने गरी पुँजीगत खर्चको तपशिल बमोजिम खर्च शीर्षकहरुबाट रकमान्तर गरी रु. २१,००,०००।० अक्षरुपी

एक्काईस लाखको "कोरोना संक्रमण, रोकथाम नियन्त्रण तथा उपचार कोष" स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क.स. | योजना तथा कार्यक्रमको नाम | स्थान | विनियोजित बजेट रु. | रकमान्तर रु. |
|---|---|---|---|---|
| १. | पर्यटन प्रर्वद्धन तथा होडिङ्ग वोर्ड निर्माण कार्यक्रम | नगरक्षेत्र | ४,००,०००।० | २०००००।० |
| २. | गिद्ध संरक्षण कार्यक्रम | वडा नं. ५ | २,००,०००।० | १०००००।० |
| ३. | चमेरे गुफा र भोटे गुफा संरक्षण कार्यक्रम | वडा नं. ४, ६ | २,००,०००।० | १०००००।० |
| ४. | सार्वजनिक स्थानमा सि.सि.टि.भि. जडान कार्यक्रम | नगरक्षेत्र | ३,००,०००।० | १०००००।० |
| ५. | सहकारी तालिम सञ्चालन | नगरक्षेत्र | ३,००,०००।० | १०००००।० |
| ६. | प्रजनन स्वास्थ्य सम्वन्धी तालिम | नगरक्षेत्र | २,००,०००।० | १५००००।० |
| ७. | गरिवसंग नलगाड सिपमुलक कार्यक्रम | नगरक्षेत्र | ३,००,०००।० | २५००००।० |
| ८. | नगरस्तरिय सिलाईकटाई कार्यक्रम | नगरक्षेत्र | ३,००,०००।० | २५००००।० |
| ९. | विभिन्न चेतनामुलक कार्यक्रम | नगरक्षेत्र | २,७०,०००।० | १०००००।० |
| १०. | जेष्ठ नागरिक सम्मान कार्यक्रम | नगरक्षेत्र | २,००,०००।० | १०००००।० |
| ११. | अपांगता भएका व्यक्तिको लागि सामग्री वितरण | नगरक्षेत्र | ४,००,०००।० | २०००००।० |
| १२. | वालमैत्री वडा घोषणा कार्यक्रम | नगरक्षेत्र | २,००,०००।० | १०००००।० |
| १३. | डिजिटल बोर्डको निर्माण कार्यक्रम | नगरक्षेत्र | ३,००,०००।० | १५००००।० |
| १४. | राजश्व सुधार कार्ययोजना निर्माण | नगरक्षेत्र | ४,४०,०००।० | २०००००।० |
| | **जम्मा रु.** | | **४०,१०,०००।०** | **२१०००००।०** |

**निर्णय नं. ३:** नोभल कोरोना भाईरस (COVID १९) को संक्रमणको कारणबाट उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुको दैनिक जीवनयापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउन असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई उपलब्ध गराईने राहत सम्वन्धि मापदण्ड २०७६ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, वडा समितिबाट प्राप्त सुझाव, विभिन्न विषयगत समितिबाट प्राप्त राय तथा सुझाव समेतको आधारमा नगर क्षेत्रभित्र स्थानीय पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी पूर्वाधार निर्माण सम्वन्धी मापदण्ड निर्माणको लागि नलगाड **नगपालिका स्थानीय**

**पूर्वाधार विकास विधेयक, २०७६** पारित गरि स्वीकृतिको लागि नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, वडा समितिबाट प्राप्त सुझाव, विभिन्न विषयगत समितिबाट प्राप्त राय तथा सुझाव समेतको आधारमा नगर भित्रको व्यापार र उद्योग व्यवसाय गर्ने प्राईभेट फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य कार्य गरी नगरपालिकाको आर्थिक सम्वृद्धि र आम जनताको हित प्रवर्द्धनको लागि नलगाड नगपालिका उद्योग तथा व्यवसाय फर्म दर्ता सम्वन्धी विधेयक, २०७६ पारित गरि स्वीकृतिको लागि सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, वडा समितिबाट प्राप्त सुझाव, विभिन्न विषयगत समितिबाट प्राप्त राय तथा सुझाव समेतको आधारमा सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न, निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्नको लागि नलगाड नगरपालिका निर्माण व्यवसाय विधेयक, २०७६ पारित गरि स्वीकृतिको लागि नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ७</u>: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, वडा समितिबाट प्राप्त सुझाव, विभिन्न विषयगत समितिबाट प्राप्त राय तथा सुझाव समेतको आधारमा पशुपालन व्यवशायलाई आधुनिक, व्यवस्थित र व्यवसायीक तुल्याउन र मानव समुदायको पैष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणले पनि पशु वा पशुजन्य पदार्थ गुणस्तरीय उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्न नलगाड नगरपालिकाको पशुपंक्षी व्यवसाय प्रर्वद्धन विधेयक, २०७६ पारित गरि स्वीकृतिको लागि नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ८</u> : नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, वडा समितिबाट प्राप्त सुझाव, विभिन्न विषयगत समितिबाट प्राप्त राय तथा सुझाव समेतको आधारमा नगरक्षेत्र भित्र स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गरी, वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक

विविधिताको संरक्षण गर्न वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धी विधेयक, २०७६ पारित गरि स्वीकृतिको लागि नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, वडा समितिबाट प्राप्त सुझाव, विभिन्न विषयगत समितिबाट प्राप्त राय तथा सुझाव समेतको आधारमा नगरभित्र कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रणलाई व्यवस्थित तवरले कार्यान्वयन गर्न कृषि प्रणालीलाई दीगो, आधुनिक र व्यवसायीकरण गरी समग्र कृषि क्षेत्रको विकासको लागि नलगाड नगरपालिकाको कृषि विधेयक, २०७६ पारित गरि स्वीकृतिको लागि नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** नलगाड नगरपालिका अर्न्तगतका वडा कार्यालयको लागि आ.व. २०७६।७७ मा विनियोजित बार्षिक बजेट (चालुगत बजेट शीर्षक २२५२२) बाट नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथाम सम्वन्धी कार्यमा प्रयोग गरिने सामग्रीहरु खरिद, COVID १९ को रोकथाम र नियन्त्रण सम्वन्धी प्रचार प्रसार कार्यमा खर्च गरी चालुगत सञ्चार खर्च शीर्षकबाट वडा अध्यक्षहरुको लागि रु. १०००।० एक हजार र वडा सदस्यहरुको लागि रु. ५००।० दरले सञ्चार खर्च उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

टेक बहादुर रावल
नगर प्रमुख

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेल्पी, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत